# <u>मष्टा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक</u>

**प्रस्तावनाः** मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्यवन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मष्टा गाउँसभाले यो ऐन बनाएको छ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ श्रावण १ गतेदेखि मष्टा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. <u>एकीकृत सम्पत्ति करः</u>** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

**३. <u>घर वहाल करः</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन पसल ग्यारेज गोदाम टहरा छप्पर जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

**४. <u>व्यवसाय करः</u>** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (३) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

**५. <u>जडीबुटी, कवाडी र जीवजन्तु करः</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक करोबार गरे बापत अनुसूचि (४) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

**६. <u>विज्ञापन करः</u>** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

**७. <u>मनोरन्जन करः</u>** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **<u>वहाल विटौरी शुल्कः</u>** गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचिमा भएको व्यवस्था बमोजिम वहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

९. **<u>पार्किङ्ग शुल्कः</u>** गाउँपालिका क्षेत्रभित्र हुने कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराई बापत अनुसूचि (८) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. **<u>ट्रेकिङ, बन्जी जम्पिङ्ग, रयाफ्टिङ्ग शुल्कः</u>** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, बन्जी जम्पिङ्ग, रयाफ्टिङ्ग सेवामा अनुसूचि (९) बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **<u>सेवा शुल्क, दस्तुरः</u>** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि (१०) मा उल्लिखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोहि अनुसूचिमा व्यवस्था भए बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **<u>पर्यटन शुल्कः</u>** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **<u>कर छुटः</u>** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१४. **<u>कर तथा संकलन सम्बन्धी कार्यविधिः</u>** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके बमोजिम हुनेछ ।